नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः-६२८ मिति :-२०७१/७/३

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्रप्राप्त "क" र राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतवाट आयात गरिने वस्तुका सम्वन्धमा ।

महाशय,

परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतवाट आयात गर्न पाइने यस बैंकबाट स्वीकृत प्रदान गरिएका वस्तुहरुको लागि खोलिने आयात प्रतितपत्रका डकुमेन्टहरुको साथमा भारतीय उत्पादक निर्यातकर्ताले जारी गर्ने भारतको Central Excise ले दरपिठ गरेको ARE-1 नामक फारम संलग्न हुनुपर्ने व्यवस्था रहेकोमा अव उप्रान्त भारतस्थित निर्यातकर्ता Manufacturing Unit हो र उक्त Unit ले Excise Duty Free Goods निर्यात गरेको हो भन्ने प्रमाणको रुपमा मात्र उत्पादनकर्ताले जारी गरेको ARE-1 Form माग गर्ने तर प्रतितपत्रमा उल्लेखित वस्तुको परिमाण, रकम यकिन वा भिडाउने कागजातको रुपमा ARE-1 लाई नलिने व्यवस्था गरिएकोले सोही वमोजिम गर्नु गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

यस बैंकवाट मिति २०६८/१२/२ मा जारी गरिएको ई.प्रा. परिपत्र संख्या ५७२ र मिति २०६९/१/१० मा जारी गरीएको ई.प्रा. परिपत्र संख्या ५७३ खारेज गरिएको छ ।

भवदीय,

(भिष्मराज ढुङ्गाना)
का.मु. कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा नि.वि. महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री नेपाल सरकार,अर्थ मन्त्रालय भन्सार विभाग, त्रिपुरेश्वर ।
५. श्री नेपाल सरकार, वाणिज्य मन्त्रालय, निर्यात प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय व्यापार शाखा, सिंहदरवार,काठमाण्डौं ।
६ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री बैंक सुपरिवेक्षण विभाग ।
८. श्री विकास बैंक सुपरिवेक्षण विभाग ।
९. श्री वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
१०. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेन्ट बैकर्स एशोसिएशन, पो.व.नं. २१०२६, अनामनगर, काठमाण्डौ ।
१३. श्री नेपाल उधोग परिसंध, मिलन मार्ग, टेकु ।